# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | संख्याः२१ | प्रमाणिकरणः २०७५।१२।२६

प्रकाशन मितिः २०७५।१२।२६


## भाग–२

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७५

### प्रस्तावना

ठाकुरबाबा नगरपालिकाद्धारा संचालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट पारदर्शी, दीगो र जनसहभागितामूलक बनाई सुशासन प्रवर्द्धन गर्दै नतिजामुखी बनाउन वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बनेको ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) नियमावली,२०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी ठाकुरबाबा नगरकार्यपालिकाले यो कार्यविधी बनाएको छ ।

ठाकुरबाबा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७५

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधीको नाम "ठाकुरबाबा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि २०७५" रहेको छ ।
(२) यो कार्यविधी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क) "कायविधि" भन्नाले ठाकुरबाबा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७५ लाई सम्झनु पर्छ ।
(ख) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकाको कार्यालय, सैनवार, बर्दियालाई सम्झनुपर्छ ।
(ग) "अनुगमन" भन्नाले योजना,आयोजना तथा कार्यक्रमहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ / छैन र कार्यतालिका अनुसार क्रियाकलापहरु कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल भएको छ /छैन भनी नगरकार्यपालिकाद्धारा तोकिएका पदाधिकारी तथा कर्मचारीहरुद्धारा निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्यलाई सम्झनु पर्छ ।
(घ) "मुल्याङ्कन"भन्नाले कार्यान्वयन गरिएका योजना, आयोजना तथा कार्यक्रमहरु हालको समयमा के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलव्धी एवं प्रभावहरु हासिल भएका छन भन्ने कुरा लेखाजोखा गर्ने कार्य सम्झनु पर्छ ।
(ङ) "अनुगमन मूल्यांकन समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित नगरपालिकास्तरको अनुगमन तथा मूल्यांकन समिति सम्झनु पर्दछ ।

## परिच्छेद – २
## अनुगमन तथा मूल्याङ्कन समिति

**३. अनुगमन तथा मूल्याङ्कन समिति :** (१) नगरपालिकामा सञ्चालित योजना, आयोजना तथा कार्यक्रमहरुलाई नतिजामुखी बनाउन देहायका सदस्यहरु रहेको एक अनुगमन तथा मूल्याङ्कन समिति रहनेछ :

| | |
|---|---|
| (क) नगरपालिकाको उप प्रमुख | -संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सम्बन्धित वडाका वडा अध्यक्ष | - सदस्य |
| (घ) प्राविधिक शाखाका प्रमुख ईन्जिनियर | - सदस्य |
| (ङ) योजना शाखाको कर्मचारी | - सदस्य-सचिव |

तर, उक्त समितिका सदस्यका अतिरिक्त योजनाहरुको गुणस्तरियता कायम गर्नका लागि नगर प्रमुख स्वमः वा प्रतिनिधि खटाई योजनाहरुको विशेष अनुगमन गर्न वाधा पुगेको मानिने छैन ।

(२) नगरपालिका वा वडा स्तरबाट संचालित रु. ५ लाख भन्दा बढिका योजनाहरुको हकमा योजनाको सार्वजानिक परिक्षण गर्दा नगरपालिकाबाट तोकिएका प्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ र सो समयमा योजना अनुगमन समितिका पदाधिकारीको समेत सहभागीताको लागी प्रयास गरिनेछ ।

(३) वडा स्तरमा संचालित कुनैपनि योजनाहरुको अनुगमन मुल्याङ्कन वडा समितिबाट पनि निरन्तररुपमा गरिनेछ । उक्त अनुगमनमा देखिएका कुराहरु वडा अध्यक्ष मार्फत नगर स्तरीय अनुगमन समिति समक्ष पेश गरिनेछ ।

**४.अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

(१) दफा ३ को उपदफा (१) वमोजिम गठित नगरपालिकास्तरको अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकामा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित वा आवधिक अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(ख) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा नगर सभा तथा नगर कार्यपालिकाबाट भएका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने ।

(ग) योजना, आयोजना तथा कार्यक्रम सञ्चालनको क्रममा उत्पन्न भएका विवादहरु उचित ढंगले व्यवस्थापन गर्ने ।

(घ) अनुगमन तथा शमूल्याङ्कनको प्रतिवेदन तयार गरी पेश पेश गर्ने

(ङ) नगर सभा, नगर कार्यपालिका तथा नगर प्रमुखले तोकेका अन्य कार्यहरु गर्ने ।

(च) अन्तिम अनुगमन तथा मुल्याङ्कनका क्रममा उपभोक्ता समिति वा प्राविधिकबाट कुनै किसिमको मात्रात्मक वा गुणात्मक कमीकमजोरी गरेको वा प्राविधिक इस्टिमेट बमोजिमको कार्य नभएको पाईएमा कार्वाहीका लागी सिफारिस गर्ने ।

**५.आयोजनाको प्रभाव मूल्याङ्न:** (१) रु. पाँच करोड भन्दा बढी लागतका आयोजनाहरुको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्न गराउनु पर्नेछ ।

(२) नगरपालिका वा वडा स्तरीय योजनाहरु मध्ये रु. २ लाख भन्दा कम लागतका योजनाहरुको हकमा वडा समितिबाटै गरिएको अनुगमन मुल्याङ्कनका आधारमा प्राप्त प्रतिवेदन सहितको सिफारिसका आधारमा रकम भुक्तानीका लागी सिफारिस गर्नेछ ।

(३) वडा स्तरीय समितिबाट प्राप्त अनुगमन मुल्याङ्कनका आधारमा भएको सिफारिस उपर कुनै गुनासो आएमा वा आवश्यक ठानेमा नगर स्तरीय समितिबाट अनुगमन गरिनेछ ।

## परिच्छेद–३
## अनुगमन तथा मुल्याङ्कन सुविधा

**६.अनुगमन तथा मुल्याङ्कन सुविधा :**

(१) दफा ३ को उपदफा (१) बमोजिमको अनुगमन तथा मुल्याङ्कन समितिको पदाधिकारी तथा कर्मचारीहरुले देहायको दरमा अनुगमन सुविधा प्राप्त गर्नेछन् ।

(क) दैनिक भत्ता प्रति दिन रु. १०००।००

## परिच्छेद – ४
## अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन

**७.अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन :**दफा ३ को उपदफा (१) बमोजिम गठित अनुगमन तथा मुल्याङ्कन समितिले अनुसूचि–१ बमोजिमको ढाँचामा अनुगमन तथा मुल्याङ्कन प्रतिवेदन तयार गरी नगर प्रमुख मार्फत कार्यपालिका बैठकमा पेश गर्नु पर्नेछ ।

**८. प्रतिवेदन पेश गर्ने अवधि :**(१) दफा ३ को उपदफा (१) बमोजिमको समितिले अनुसुचि १ बमोजिमको प्रतिवेदन नगर कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ५
## विविध

**९.बाधा अड्काउ फुकाउ तथा संशोधन :** (१) यो कार्यविधि कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अडकाउ परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

(२) यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानुनको अधिनमा रही नगर कार्यपालिकाको हुनेछ।

ठाकुरबाबा नगरपालिकाको अनुगमन तथा मुल्याङ्कन कार्यविधि, २०७५

अनुसुचि १

परिच्छेद ४ को दफा ७ संग संबन्धित

ठाकुरबाबा नगरपालिका

सैनवार, बर्दिया

**<u>योजना अनुगमन समितिको प्रतिवेदन</u>**

श्री नगर प्रमुख ज्यू

ठाकुरबाबा नगरपालिका

सैनवार, बर्दिया

मितिः-.....................

ठाकुरबाबा नगरपालिका को नगर सभाले आ.व......... मा संचालनका लागि पारित गरेको तपसिल बमोजिमको योजना संचालन पश्चात नगर स्तरीय/वडा स्तरीय अनुगमन टोलीले योजनाको अनुगमन गरी पेश गरेको अनुगमन प्रतिवेदन।

१. योजनाको नामः-.........................

२. योजना संचालन भएको स्थान/ः- ...................................

३. विनियोजित रकमः-.................. जनश्रमदान........................कुल लागतः.....................

४. सम्झौता मितिः....................... सम्पन्न गर्नुपर्ने मितिः................ सम्पन्न भएको मिति................

**<u>५. अनुगमनका क्रममा देखिएका कुराहरुः-</u>**

| क सं | व्यहोरा | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | स्विकृत लागत अनुमान बमोजिमको कार्य | | | |
| २ | उपभोक्ता समितिको तर्फबाट जनश्रमदान | | | |
| ३ | सार्वजनिक परीक्षण (उपस्थित संख्या समेत उल्लेख गर्ने) | | | |
| ४. | आयोजना सूचना पाटि (सबैले देख्ने ठाउँमा) | | | |

**<u>६. आयोजना संचालनमा देखिएका समस्याहरुः-</u>**

१...............................................

२...................................................

**<u>७. अनुगमन समितिको सुझावहरु</u>**

१.......................................................

२.......................................................

...............................................

**उपभोक्ता समिति अध्यक्ष/पदाधिकारिको दस्तखत**

**नामः......................**

**<u>८. अनुगमन समितिको निष्कर्षः</u>**

.........................................................................................................

**<u>९. अनुगमनमा संलग्न पदाधिकारीहरु</u>**

| क सं | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

आज्ञाले

पित्री भक्त गिरी

नि.प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाका अनुगमन तथा मूल्याङ्कन कार्यविधि, २०७५